आज मिति २०८०/०४/१७ गते नेपाल कृषि अनुसन्धान परिषद्का का.मु. कार्यकारी निर्देशक डा. ध्रुवराज भट्टराईज्यूको अध्यक्षतामा बसेको केन्द्रीय कार्यालयका निर्देशकहरु, NARI तथा NASRI का निर्देशकको बैठकमा देहाय अनुसारको उपस्थितिमा देहाय अनुसार छलफल तथा निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| डा. ध्रुवराज भट्टराई | कार्यकारी निर्देशक |
| डा. दोजराज खनाल | निर्देशक, पशु तथा मत्स्य अनुसन्धान |
| श्री नबिन प्रकाश पौडेल | निर्देशक, प्रशासन |
| श्री मनस कुमार कडेल | निर्देशक, आर्थिक प्रशासन |
| डा. लुमानिधी पाण्डे | निर्देशक, योजना तथा समन्वय |
| डा. कृष्ण कुमार मिश्र | निर्देशक, बाली तथा बागवानी अनुसन्धान |
| डा. स्वयम प्रकाश श्रेष्ठ | निर्देशक, NASRI |
| श्री बिनेशमान साख: | निर्देशक, NARI |

**आमन्त्रित**

| | |
|---|---|
| डा. कालिका प्रसाद उपाध्याय | प्रमुख, राष्ट्रिय संचार तथा सूचना प्रविधि केन्द्र, खुमलटार |
| डा. टेक प्रसाद गोतामे | प्रमुख, योजना महाशाखा |
| श्री समय गैहे | बैज्ञानिक एस.२, का.का.नि.सचिवालय |
| श्री किशोर भण्डारी | बैज्ञानिक एस.२, का.का.नि.सचिवालय |

**छलफल तथा निर्णयहरु :-**

१. " परिषद्को कर्मचारी प्रशासन विनियम, २०४९ को विनियम १९ठ(१) बमोजिम वर्गिकृत क्षेत्रको अंक गणना देहाय अनुसार वढीमा ५ अंक दिन व्यवस्था गरेको छ ।

तपसिल

| | बर्गिकृत क्षेत्र | प्रत्येक वर्षको लागि पाउने अङ्क |
|---|---|---|
| क | क वर्ग (उच्च पहाडी जिल्लाहरु) | १.५ अङ्क दिने |
| ख | ख वर्ग (काठमाण्डौ उपत्यका बाहेकका मध्य पहाडी जिल्लाहरु) | १ अङ्क दिने |
| ग | ग वर्ग (काठमाण्डौ उपत्यका र भित्री मधेश लगायत तराईका जिल्लाहरु) | १/२ अङ्क दिने |

यस सम्बन्धमा उच्च पहाडी, मध्ये पहाडी र काठमाण्डौ उपत्यका र भित्री मधेस लगायत तराईका जिल्लाहरु कुन कुन हुन भन्ने विनियमले स्पष्ट परिभाषित गरेको नदेखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को अनुसूची-१ ले परिभाषित गरे अनुरुप पदपूर्ति समितिले देहाय अनुसार आधार लिई वर्गीकरण गरी अंक प्रदान गर्न तथा आवश्यक व्याख्या वा व्यवस्थाको लागि कार्यकारी समितिमा कर्मचारी प्रशासन विनियम, २०४९ को विनियम १९ ग(९) वमोजिम पेश गर्ने।

**क) 'क' वर्ग उच्च पहाडी जिल्लाहरु :-**

विनियमको १९ठ(१) को 'क' मा उल्लेख भएको उच्च पहाडी जिल्लाहरु भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को अनुसूची १ को (क) मा हिमाली जिल्लाहरु भनी वर्गीकरण गरिएका जिल्लाहरुलाई समावेश गरी अङ्क प्रदान गर्ने ।

**ख) 'ख' वर्ग (काठमाण्डौ उपत्यका बाहेकका मध्य पहाडी जिल्लाहरु) :-**

विनियमको १९ठ(१) को 'ख' मा उल्लिखीत काठमाण्डौ उपत्यका वाहेकका मध्य पहाडी जिल्ला भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को अनुसूची १ मा वर्गिकरण गरिएका (ख) पहाडी जिल्लाहरुलाई समावेश गरी अङ्क प्रदान गर्ने ।

**ग) 'ग' वर्ग (काठमाण्डौ उपत्यका र भित्री मधेश लगायत तराईका जिल्लाहरु) :-**

विनियमको १९ठ(१) को 'ग' मा उल्लिखित काठमाण्डौ उपत्यका र भित्री मधेश लगायतको तराईका जिल्ला भन्नाले सोही अनुसूचीमा बर्गीकरण गरिएका (ग, घ र ङ)का काठमाण्डौ उपत्यका, भित्री मधेश र तराईका जिल्लाहरुलाई समावेश गरी अङ्क प्रदान गर्ने ।

२. पदपूर्तिका लागी प्राप्त दरखास्तहरुलाई स्वीकृत गर्ने सम्बन्धी मार्गदर्शन

नेपाल कृषि अनुसन्धान परिषद पदपूर्ति समितिबाट मिति २०७९/१२/०३ मा गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित खुला तथा समावेशी प्रतियोगितात्मक परिक्षाद्वारा पदपूर्ति (सूचना नं. ३९/०७९/०८०) का लागि प्राप्त दरखास्तहरुलाई स्वीकृत गर्ने सम्बन्धमा यो मार्गदर्शन स्वीकृत गरि लागु गरिएको छ, "बैज्ञानिक समूह", र "प्राविधिक समूह" का पदहरुमा दरखास्त स्वीकृत हुनका लागि आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यता र अनुभव सम्बन्धमा नेपाल कृषि अनुसन्धान परिषद (कर्मचारी प्रशासन) विनियम, २०४९ (संसोधन सहित) को अनुसूची-३ को क्रमशः खण्ड (१), खण्ड (२) र खण्ड (३) मा व्यवस्था भए बमोजिम तपशिल अनुसारले हुनेछ :

**शैक्षिक योग्यता सम्बन्धमाः**

१. जे.टि. टि-५ र प्राविधिक सहायक टि-४ को हकमा कृषि एवं पशु बिज्ञान मध्य अध्ययन गरेका दुबैले आबेदन दिन पाउने । जे.टि. टि-५ को लागि सिटिईभिटीबाट डिप्लोमा उतिर्ण गरेको हुनुपर्ने र सम्बन्धित बिषयमा स्नातकले आवेदन दिएमा उक्त डिग्रीलाई न्युनतम शैक्षिक योग्यता मान्ने । प्राविधिक सहायक टि-४ को लागि एस.एल.सि. उतिर्ण गरि सिटिईभिटीबाट तालिम वा डिप्लोमा (जे.टि.ए.) गरेको हुनुपर्ने ।

२. कम्प्युटर सहायक टि-५, ओभरसियर टि-५, इलेक्ट्रीसियन टि-५, मेकानिक टि-५, र प्लम्बर टि-५ पद/तहको लागि सम्बन्धित बिषयमा प्रविणता प्रमाणपत्र वा सो सरह उतिर्ण गरेको हुनुपर्ने ।

३. बढुवा प्रयोजनका लागि जे.टि. टि-५ पद/तहबाट प्राविधिक अधिकृत टि-६ पद/तहका बिभिन्न उप-समुहमा दिइएको आबेदन स्वीकृत गर्ने सम्बन्धमा सम्बन्धित कार्यालयको बिषय सम्बन्धि कार्य गरेको हो भनि सिफारिश पत्रका आधारमा सम्बन्धित उप-समुहमा आबेदन दिनेहरुको सम्बन्धमा कार्यलयको सोही सिफारीस पत्रको आधारमा स्वीकृत हुने ।

४. प्राबिधिक अधिकृत, टि-६ पद/तहको लागि मान्यता प्राप्त शैक्षिक संस्था/प्रतिष्ठानबाट पदसँग सम्बन्धित कृषि संम्बन्धी बिषयमा स्नातक उतिर्ण गरेको हुनुपर्ने (सम्बन्धित बिषयमा स्नातक उतिर्ण भन्नाले- कृषि बिज्ञान सम्बन्धि सबै उपसमूहहरुका लागि कृषि बिषयमा स्नातक (B.Sc. Ag.), भेटेरिनरी उपसमुहका लागि भेटेरिनरी बिषयमा स्नातक (B.V.Sc. & A.H. / D.V.M.), पशुविज्ञान सम्बन्धि सबै उपसमुहहरुका लागि कृषि वा भेटेरिनरी वा पशुविज्ञान बिषयमा स्नातक (B.V.Sc.&A.H. or B.Sc. Animal Science), फिसेरिज उपसमुहका लागि फिसेरिज बिषयमा स्नातक (B.Sc. Fisheries), एग्री इन्जिनियरिंग उपसमुहका लागि एग्री इन्जिनियरिंग बिषयमा स्नातक र फूड टेक्नोलोजी उपसमुहका लागि फूड टेक्नोलोजी बिषयमा स्नातक गरेको हुनुपर्ने) । बायो स्ट्याटिस्टिक टि-६ पद/तहको लागि सम्बन्धित बिषयमा स्नातक उपाधि प्राप्त गरेकाको फर्म स्वीकृत गर्ने ।

५. बैज्ञानिक, एस-१ पद/तहको लागि मान्यता प्राप्त शैक्षिक संस्था/प्रतिष्ठानबाट सम्बन्धित बिषयमा स्नातकोत्तर उतिर्ण गरेको हुनुपर्ने । कृषि सम्बन्धि डिग्रीको प्रमाणपत्रबाट बिषय प्रस्टसंग नछुट्टीएमा थेसिसको अनुसन्धानको बिषयलाई आधार मानी स्वीकार गर्ने । बायो टेक्नोलोजी र बायो स्ट्याटिस्टिक एस-१ पद/तहको लागि सम्बन्धित बिषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको फर्म स्वीकृत गर्ने तर प्लान्ट ब्रिडीन्डमा एमएस्सी एजी गरेकाको अस्वीकृत गर्ने ।

६. बरिष्ठ बैज्ञानिक एस-३ पद/तहको लागि मान्यता प्राप्त शैक्षिक संस्था/प्रतिष्ठानबाट सम्बन्धित बिषयमा स्नातकोत्तर वा बिध्याबारिधि उतिर्ण गरेको हुनुपर्ने (सम्बन्धित बिषयमा स्नातकोत्तर उतिर्ण भन्नाले- कृषि बिज्ञान सम्बन्धि सबै उपसमूहहरुका लागि कृषि बिषयमा स्नातक गरि सम्बन्धित कृषि बिषयमा स्नातकोत्तर, पशुविज्ञान सम्बन्धि सबै उपसमुहहरुका लागि भेटेरिनरी वा पशुविज्ञान बिषयमा स्नातक गरि सम्बन्धित पशुविज्ञान बिषयमा स्नातकोत्तर, एलपीपीएम उपसमुहको लागि कृषि वा भेटेरिनरी वा पशुविज्ञान बिषयमा स्नातक गरि भेटेरिनरी वा पशुविज्ञान सम्बन्धि कुनै बिषयमा स्नातकोत्तर, भेटेरिनरी उपसमुहका लागि भेटेरिनरी बिषयमा स्नातक गरि भेटेरिनरी बिषयमा स्नातकोत्तर, फिसेरिज उपसमुहका लागि फिसेरिज बिषयमा स्नातक गरि फिसेरिज बिषयमा स्नातकोत्तर, एग्री इन्जिनियरिंग उपसमुहका लागि एग्री इन्जिनियरिंग बिषयमा स्नातकोत्तर र फूड टेक्नोलोजी उपसमुहका लागि फूड टेक्नोलोजी बिषयमा स्नातकोत्तर गरेको हुनुपर्ने) ।

**अनुभव सम्बन्धमाः**

वैज्ञानिक समूहका पदहरुका लागि आवश्यक पर्ने अनुभव नेपाल कृषि अनुसन्धान परिषद (कर्मचारी प्रशासन) विनियम, २०४९ (संसोधन सहित) को अनुसूची-३ मा व्यवस्था भए बमोजिम हुनेछ । वरिष्ठ वैज्ञानिक, एस-३ पद/तहको लागि सम्बन्धित बिषयमा स्नातकोत्तर मात्र उतिर्ण गरेको भए सम्बन्धित बिषयमा अधिकृतस्तरमा ८ बर्ष काम गरिसकेको र सम्बन्धित बिषयमा बिध्यावारिधि उतिर्ण गरेको भए सम्बन्धित बिषयको अनुसन्धानसंग सम्बन्धित कार्यमा अधिकृतस्तरमा ४ बर्ष काम गरिसकेको हुनुपर्ने । यस सम्बन्धमा देहाय अनुसारको अनुभवलाई मान्यता दिईनेछ ।

क. लोकसेवा आयोग (प्रदेश लोकसेवा समेत) बाट सिफारिस भई कृषिका कुनै विषयमा काम गरेको अनुभवलाई मान्यता दिने ।

ख. नेपालमा संचालित विश्वविद्यालय सेवामा करार वा स्थायीमा कृषिका कुनै विषयमा प्राध्यापन गरेको अनुभवलाई मान्यता दिने।

ग. CGIAR (Consultative Groups of International Agricultural Research System) अन्तर्गतका संस्था, विदेशी सरकारी विश्वविद्यालय र विदेशि सरकारी कृषि अनुसन्धान संस्थाहरुमा काम गरेको कृषि अनुसन्धान संग सम्बन्धीत कार्य अनुभवलाई मान्यता दिने ।

**नोटः** अनुभवको लागि नियुक्तिपत्रलाई मुख्य आधार मानिने छ ।